प्रदेश सरकार
गण्डकी प्रदेश
# आर्थिक मामिला तथा योजना मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्याः ०७७/०७८
मितिः २०७७/०४/०५

चलानी नं. ०६

विषयः आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन सम्बन्धमा।

प्रिय सहकारीज्यू,

विनियोजन ऐन, २०७७ बमोजिम आर्थिक वर्ष २०७७/७८ का लागि सहकारीज्यू अन्तरगत निकायहरूका लागि छुट्टाइएको रकमको प्रचलित कानुन बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट हुने विश्वास लिएको छु। विनियोजन ऐन, २०७७ कार्यान्वयनको सन्दर्भमा थप स्पष्टता सहित देहायको मार्गदर्शन यहाँको जानकारीको लागि प्रेषित गरेको छु।

आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम नै गर्नु गराउनुहुन अनुरोध गर्दछु।

१. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन २०७७ साउन १ गतेदेखि लेखा उत्तरदायी अधिकारीलाई हुनेछ। प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएम-बीआइएस) मा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरूले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएम-बीआइएस) मा समावेश भएका कुनै कार्यक्रमलाई संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ। तर चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सचिवस्तरबाट संशोधन गर्न सकिनेछ। यसरी कार्यक्रम संशोधन गर्दा साबिकको बजेट घट्ने देखिएमा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र संशोधन गरिनेछ।

३. सरकारी खर्चमा सभा, सम्मेलन. गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम कार्यान्वयन गर्नुहुनेछ।

प्रशासन महाशाखा
फोनः ०६१-४६७९३०
फ्याक्सः ०६१-४६७८८०

वित्त व्यवस्थापन महाशाखा
फोनः ०६१-४६७६९६

बजेट,योजना तथा कार्यक्रम महाशाखा
फोनः ०६१-४६७६९८

वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेष महाशाखा
फोनः ०६१-४६७६९६

**Twitter:** MoeapG, **Facebook**: www.facebook.com/moeap.gandkai, **Email:** moeap.gandaki@gmail.com
info@moeap.gandaki.gov.np, **Website:** moeap.gandaki.gov.np

पत्र संख्याः

चलानी नं.

४. नयाँ कार्यालयका लागि राखिएको कार्यक्रम वा एकमुष्ठ बजेटको बाँडफाँटको प्रस्ताव यस मन्त्रालयबाट सहमति लिई स्वीकृत कार्यक्रम सहित कार्यालय स्थापना भएको १० दिनभित्र खर्च गर्न अख्तियारी प्रदान गर्नुहुनेछ।

५. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएम-बीआइएस) मा प्रविष्टि गरी विनियोजन ऐन, २०७७ मा स्वीकृत नभएका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुहुने छैन। स्रोतको सुनिश्चितता नगरी सुरू गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट थप निकासा, रकमान्तर, स्रोतान्तर गरिने छैन।

६. नियमानुसार कार्यक्रम संशोधन गर्नुपरेमा कार्यक्रमको संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर, थप निकासा लगायतका प्रक्रिया पुरा गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि स्वीकृत गरिसकेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ। चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा वहुवर्षीय ठेक्का/खरिद गर्नुपरेमा पछिल्ला वर्षहरूको स्रोत सुनिश्चितताका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ।

७. चालु खर्च शीर्षक अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महंगी भत्ता, पोशाक भत्ता, भाडा, पानी, बिजुली, सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्टयाई बाँकी रकम अन्य कार्यका लागि बाँडफाँड गर्नु गराउनु हुनेछ। अनिवार्य दायित्व वापत बाँडफाँट कम गरेको कारणबाट सृजित दायित्वका लागि रकमान्तर तथा थप निकासा हुने छैन।

८. कोरोना रोगको महामारीका कारणले प्रदेशको सार्वजनिक वित्तमा आउनसक्ने संकुचन र रोगको रोकथाम, नियन्त्रण र प्रभाव न्यूनीकरण कार्यमा अतिरिक्त स्रोत परिचालन गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी आगामी वर्ष प्रशासनिक खर्चमा मितव्ययिता अपनाउने नीति अनुरूप चिकित्सक, स्वास्थ्यकर्मी, अस्पतालमा कार्यरत अन्य कर्मचारी र सुरक्षाकर्मी बाहेकका कर्मचारीलाई अतिरिक्त समय भत्ता, बैठक भत्ता, खाना तथा खाजा खर्च, जोखिम भत्ता लगायतका सबै प्रकारका भत्ता २०७७ साउन १ गतेदेखि खारेज गरिएको हुँदा यस्ता खर्च गर्नुहुनेछैन् ।

प्रदेश सरकार
गण्डकी प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्याः
चलानी नं.

९. खर्च शीर्षक नं. २८९११- भैपरी आउने चालु खर्च र खर्च शीर्षक नं ३१५११- भैपरी आउने पुँजीगत खर्चमा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट रकमान्तर तथा बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नुहुनेछ। आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनकरूपमा कार्यान्वयन नभएका वा हुन नसक्ने कार्यक्रमको सम्पूर्ण बजेट चैत्र १ गतेभित्र अनिवार्यरूपमा फिर्ता (समर्पण) गर्नुहुनेछ।

१०. गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ बमोजिम प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई बिचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेका विनियोजित रकममा आवश्यकता अनुसार जुनसुकै समयमा पूर्ण वा आंशिकरूपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

११. वार्षिक बजेटले लिएको लक्ष्य उद्देश्य र प्राथमिकता बमोजिम उपलब्धि गुणात्मकरुपमा समयमै प्रासिका लागि आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा कार्यान्वयनपूर्वका सम्पूर्ण प्रकृया पूरा गरी कार्यान्वयनमा लैजान मन्त्रालय वा निकायले मातहतका कार्यालयमा कार्यक्रम बाँडफाँट गरी कार्यान्यनको लागि पठाउनु पर्ने भएमा असोज मसान्तभित्र पठाइसक्ने व्यवस्था मिलाउनु हुनेछ।

१२. प्रदेशका कार्यालयबाट प्रवाह हुने सेवा तथा विकास निर्माणका कार्यलाई प्रभावकारी बनाउन उत्कृष्ट कार्यालय तथा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीलाई प्रतिस्पर्धात्मक, व्यवस्थित र अनुकरणीय बनाउन वार्षिक कार्ययोजना तर्जुमादेखि नै विशेष ध्यान दिनुहुनेछ ।

१३. नेपाल सरकारको नीति-निर्देशन, प्राकृतिक विपत्ति, विपद र विशेष अवस्थामा बाहेक दोस्रो चौमासिक अवधिसम्म/अर्धवार्षिक बजेट समीक्षासम्म कुनै प्रकारका थप निकासा/ रकमान्तर मागलाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/ गराउनु हुनेछ।

१४. नेपाल सरकारबाट हस्तान्तरित सशर्त अनुदानका आयोजना तथा कार्यक्रम संशोधन गर्नुपरेमा नेपाल सरकार, अर्थ मन्त्रालयको बजेट मार्गदर्शन र आयोजना तथा कार्यक्रमको उद्देश्य, बजेट उपशीर्षक र खर्चशिर्षकमा परिवर्तन नहुने गरी यस मन्त्रालयबाट संशोधन गराउनु हुनेछ।

१५. वार्षिक कार्यक्रममा परेको रू. १० लाख भन्दा बढीको सवारी साधन खरिद प्रक्रिया अगाडि बढाउनु परेमा यस मन्त्रालयको पूर्व सहमति लिएर मात्र प्रक्रिया अगाडि बढाउनुहुनेछ ।

प्रशासन महाशाखा
फोनः ०६१-४६७९३०
फ्याक्सः ०६१-४६७८८०

वित्त व्यवस्थापन महाशाखा
फोनः ०६१-४६७६९६

बजेट,योजना तथा कार्यक्रम महाशाखा
फोनः ०६१-४६७६९८

वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेष महाशाखा
फोनः ०६१-४६७६९६

Twitter: MoeapG, Facebook: www.facebook.com/moeap.gandkai, Email: moeap.gandaki@gmail.com
info@moeap.gandaki.gov.np, Website: moeap.gandaki.gov.np

१६. विनियोजन ऐन, २०७७ को दफा ५ को उपदफा (९) बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम कुनै स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई माघ मसान्तभित्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वियनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

१७. नेपाल सरकारबाट सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोतको खर्चको विवरण संघीय सरकारको सम्बन्धित/ विषयगत मन्त्रालयमा उपलब्ध गराई सोधभर्नाका लागि आवश्यक सहयोगको व्यवस्था मिलाउनुहुनेछ। यसैगरी यस्ता प्रकृतिका कार्यक्रम तथा खर्चको अभिलेख राख्ने व्यवस्था अनिवार्य रूपमा पालना गराउनु हुनेछ।

१८. बजेट तथा कार्यक्रममा समावेश भएका आयोजनाहरू/कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को प्रक्रिया पुरा गर्दै २०७७ कात्तिक मसान्तभित्र ठेक्का सम्झौता गरी कार्य सुरू गर्न कार्यादेश दिने व्यवस्था मिलाउनुहुनेछ।

१९. तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र काम सुरू नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरूप काम नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२०. आयोजना तथा कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने स्वीकृत कार्यविधि बमोजिमको थप कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावली तर्जुमा तथा संशोधनको कार्य भदौ २५ गतेभित्र सम्पन्न गर्नुहुनेछ। आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति सहितको व्यवस्था मिलाउनु पर्नेछ।

२१. क्रमागत आयोजना तथा कार्यक्रमका लागि विनियोजित बजेटबाटै प्राथमिकताका साथ कार्यान्वयन गराउनुहुनेछ। बहुवर्षीय रूपमा आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्दा आवश्यकता, सरकारको प्राथमिकता, प्रभाव, स्रोतमाथि हुने दवाव, मध्यमकालीन खर्च संरचना, विकास पूर्वाधार निर्माण र लगानीमा सन्तुलन, लाभान्वित जनसंख्याको आकार, पुँजी निर्माणमा सहयोग, राजस्व परिचालनमा योगदान हुने जस्ता पक्षको सूचकांक, प्रचलित अन्य कानुन र वहुवर्षीय ठेक्का बन्दोबस्ती सम्बन्धी निर्देशिका, २०७५ समेतका आधारमा यस मन्त्रालयको सहमति लिनुहुनेछ।

२२. पुंजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न सकिने छैन। पुँजीगततर्फ विनियोजित बजेट जतिसुकै रकमको भए पनि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मात्र रकमान्तर हुनेछ ।

२३. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र र आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्दिष्ट गरेको फारम अनुसारको विवरण सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

२४. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनुहुनेछ। यी खर्च शीर्षकहरूबाट आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिनेछैन। तोकिएको निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नुहुनेछ।

२५. नेपाल सरकारबाट कार्यान्वयनमा ल्याइएको सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को पालना गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२६. स्वीकृत दरबन्दी, पदपूर्ति र रिक्त अवस्था तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरूको व्यवस्थापन गर्नुहुनेछ।

२७. पानी, बिजुली, संचार महसुल, इन्धन, मसलन्द, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च, क्षमता विकास जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नुपर्नेछ। साथै, सशर्त अनुदानबाट यस्ता कार्यक्रमका लागि बजेट प्राप्त भएकोमा दोहोरो नपर्ने गरी मिलाउनु हुनेछ। साथै, स्थानीय तहका प्रतिनिधि समावेश गरिने कार्यक्रम कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी विषयगत मन्त्रालयका मिल्दोजुल्दो कार्यक्रमहरु एउटै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउनुहुनेछ ।

२८. यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको पूर्व सहमति लिई माघ मसान्तभित्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ। तर प्रशासनिक खर्च तथा चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई कुनै पनि रकम उपलब्ध गराउन सहमति माग गर्नुहुने छैन।

२९. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्बत् २०७७ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

३०. आर्थिक वर्ष प्रारम्भ भएपछि नेपाल सरकारबाट प्राप्त हुने कुनै पनि कार्यक्रम र बजेटको हकमा प्राप्त भएको मितिले पन्ध्र दिनभित्र रकमान्तर/बाँडफाँटको प्रस्ताव प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएम-बीआइएस) प्रविष्टी गरी स्वीकृतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइसक्नु पर्नेछ। यसरी रकमान्तर/बाँडफाँटबाट स्वीकृत रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

३१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएम-बीआइएस)मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले प्रदेश लेखा नियन्त्रक कार्यालय/इकाई कार्यालयमा कार्यक्रम रोक्का राखी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

३२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएम-बीआइएस) मा समावेश भएको वार्षिक कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ। तर राजपत्रांकित प्रथम श्रेणी वा ११ औं तहको कार्यालय प्रमुखको हकमा निज स्वयंले संशोधन गर्न सक्नेछ।

३३. प्रचलित कानूनले व्यवस्था गरेका समिति, कार्यदल, परिषद्को न्यूनतमरुपमा पाक्षिक, मासिक, चौमासिक, अर्धवार्षिक वा वार्षिक बस्नुपर्ने गरी तोकिएका बैठकमा मात्र बैठक भत्ता खर्च लेख्न पाइनेछ। यस्ता प्रकृतिका समिति, कार्यदल, परिषद्को न्यूनतम तोकिए भन्दा थप बैठक बस्नुपर्ने देखिएमा आवश्यकता र औचित्य खुलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर बैठक बस्न र बैठकको खर्च लेख्न सकिनेछ ।

३४. आयोजना/ कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि तर्जुमा परिमार्जन परामर्श सेवा खरीद नगरी सरकारी निकायबाटै गर्ने प्रबन्ध र प्रणाली अबलम्बन गर्नुहुनेछ।

प्रदेश सरकार
गण्डकी प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्याः
चलानी नं.

३५. सकेसम्म नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ थप खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्यरूपले गर्नुहुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयको लागि थप फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर, एसी, फोटोकपी मेसिन खरिद नगर्ने नीति अवलम्बन गर्नु हुनेछ।

३६. सबै सरकारी निकायले आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मात्र गर्नुपर्नेछ। पूर्व सहमति नलिई हुने दायित्व सिर्जनानमा यस मन्त्रालय जवाफदेही हुने छैन।

३७. विनियोजन ऐन, २०७७ बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ। योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार् गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनुहुनेछ।

३८. बजेट कार्यान्वयनको अनुगमनको लागि मापनयोग्य सूचक समावेश गरी सोको विवरण साउन २५ गतेभित्र यस मन्त्रालयमा पठाउनुहुनेछ। साथै, आयोजना तथा कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत उपलब्धि सूचक (मध्यमकालीन खर्च संरचना अनुरूप) र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (प्रोजेक्ट इम्प्लिमेन्टेसन एक्सन प्लान) साउन १५ गतेभित्र तयार गरी आयोजनास्थल र सम्बन्धित मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक गर्नुहुनेछ।

३९. आयोजना निर्माण कार्यस्थलमा कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य सुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नुपर्नेछ।

४०. राजस्व तथा खर्चको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्युटर प्रणालीबाट राख्ने व्यवस्था मिलाउनु हुनेछ।

प्रशासन महाशाखा
फोनः ०६१-४६७९३०
फ्याक्सः ०६१-४६७८८०

वित्त व्यवस्थापन महाशाखा
फोनः ०६१-४६७६९६

बजेट, योजना तथा कार्यक्रम महाशाखा
फोनः ०६१-४६७६९८

वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेष महाशाखा
फोनः ०६१-४६७६९६

**Twitter:** MoeapG, **Facebook**: www.facebook.com/moeap.gandkai, **Email:** moeap.gandaki@gmail.com
info@moeap.gandaki.gov.np, **Website:** moeap.gandaki.gov.np

प्रदेश सरकार
गण्डकी प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्याः
चलानी नं.

४१. सबै मन्त्रालयबाट मासिकरूपमा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

४२. आर्थिक वर्ष २०७७/७८ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको वेवसाइट moeap.gandaki.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(चन्द्रकला पौडेल)
सचिव

श्री सचिव,
.......................मन्त्रालय/आयोग/सचिवालय,
गण्डकी प्रदेश, पोखरा, नेपाल।

**संलग्न**

| | |
|---|---|
| विनियोजन ऐन, २०७७ | १ प्रति |
| आर्थिक वर्ष २०७७/७८ को व्यय अनुमान | १ प्रति |
| आर्थिक वर्ष २०७७/७८ को अन्तर सरकारी वित्तीय हस्तान्तरण | १ प्रति |
| आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य | १ प्रति |
| आर्थिक वर्ष २०७७/७८ को वार्षिक विकास कार्यक्रम | १ प्रति |

प्रशासन महाशाखा फोनः ०६१-४६७९३० फ्याक्सः ०६१-४६७८८०
वित्त व्यवस्थापन महाशाखा फोनः ०६१-४६७६९६
बजेट,योजना तथा कार्यक्रम महाशाखा फोनः ०६१-४६७६९८
वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेष महाशाखा फोनः ०६१-४६७६९६
**Twitter:** MoeapG, **Facebook**: www.facebook.com/moeap.gandkai, **Email:** moeap.gandaki@gmail.com info@moeap.gandaki.gov.np, **Website:** moeap.gandaki.gov.np